**Government of Province**

**Ministry of Economic Affairs and Planning**

**Sudur Paschim Province**

**Dhangadhi, Kailali**

Expression of Interest (EOI)

(National Consulting Service)

For

# Sudur Paschim Province Baseline Multi-Indicator Survey-2076

Job. No: MOEAP/01/076-77

August, 2019

# Abbreviations

| | | |
|---|---|---|
| CV | - | Curriculum Vitae |
| DO | - | Development Partner |
| EA | - | Executive Agency |
| EOI | - | Expression of Interest |
| GON | - | Government of Nepal |
| PAN | - | Permanent Account Number |
| PPA | - | Public Procurement Act |
| PPR | - | Public Procurement Regulation |
| TOR | - | Terms of Reference |
| VAT | - | Value Added Tax |
| GOP | - | Government of Province |
| MOEAP | - | Ministry of Economic Affairs and Planning, Dhangadhi, Kailali |

# Contents

**A. Request for Expression of Interest .... 4**

**B. Instructions for submission of Expression of Interest .... 4**

**C. Terms of Reference(TOR)** .... 6

**D. Evaluation Criteria (Evaluation of Consultant's EOI Application)** .... 25

**E. EOI Forms & Formats** .... 28

1. Letter of Application .... 29
2. Applicant's Information Form .... 31
3. Experience .... 32
4. Capacity .... 35
5. Key Experts (Include details of Key Experts only) .... 37



प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

## A. Request for Expression of Interest

Government of Province
Ministry of Economic Affairs and Planning (MOEAP)
Sudur Paschim Province
Dhangadhi, Kailali

**EOI Notice for**

**Sudur Paschim Province Baseline Multi-Indicator Survey-2076**

**Date of First Publication:2076/04/30**

1. Government of Province (GOP) has allocated fund from government budget toward the cost of **Sudur Paschim Province Baseline Multi-Indicator Survey-2076** and intends to apply a portion of this budget to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Ministry of Economic Affairs and Planning now invites Expression of Interest (EOI) from eligible consulting firms/companies ("consultant") to provide the following consulting services: **Sudur Paschim Province Baseline Multi-Indicator Survey-2076**
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Ministry of Economic Affairs and Planning, Sudur paschim Province, Dhangadhi, Kailali within 15th day of the Date of First Publication during office hours or visit the client's website **moeap.p7.gov.np** or visit e-GP system https://bolpatra.gov.np/egp/
4. Expressions of interest shall be delivered online through e-GP system https://bolpatra.gov.np/egp/ on or before ***2076/05/13, 12.00 Noon.***
5. The consulting firms/companies can apply either in single or in Joint Venture (JV). The number of consulting firms/companies in a JV shall not exceed **three** including the lead firm/company. In addition, same consulting firm/company is not allowed to enter into more than one JV for the Job.
6. The EOI documents received shall be opened at 14:00 (NST) on the 16th day of date of first publication of this notice in the presence of the applicants or the authorized representatives whosoever wish to attend. Absence of the applicants or their authorized representatives, however, shall not obstruct or prevent the opening of the EOI in anyway.
7. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
8. EOI will be assessed based on **Experience of Consulting Firm (40%)**, **Capacity (of Consulting Firm (10%)** and **Qualification and Experience of Key Personnel (50%)**. Based on evaluation of EOI, only shortlisted firm/company will be invited to submit technical and financial proposal through a Request for Proposal (RFP).
9. Minimum score to pass the EOI is 60 percent of the total EOI marks. Applicants obtaining at least 60% marks in the EOI evaluation process shall be considered as qualified firms/companies. Only top six out of such qualified firms/companies will be shortlisted and allowed to participate in Request for Proposal (RFP) Process.
10. RFP for this job will be subsequently issued to the shortlisted firms/companies. The Quality and Cost Based Selection (QCBS) procedure will be used for final selection of the consulting firms/companies, based on technical and financial proposals.
11. MOEAP reserves the right to accept or reject any or all EOI applications with or without giving any reason whatsoever.

**Secretary,**
Ministry of Economic Affairs and Planning
Sudur Paschim Province
Dhangadhi, Kailali

## B. Instructions for submission of Expression of Interest

1. Expression of Interest may be submitted by a sole firm/company or a joint venture of consulting firms/companies and the maximum number of partners in JV shall be limited to three.
2. Interested consultants must provide information indicating that they are qualified to perform the services (descriptions, organization and employee and of the firm or company, description of assignments of similar nature completed in the last 7 years and their location, experience in similar conditions, general qualifications and the key personnel to be involved in the proposed assignment).
3. This expression of interest is open to all eligible consulting firms/companies.
4. The assignment has been scheduled for a period of **7 months.** Expected date of commencement of the assignment is **Jeth, 2077 B.S.**
5. A Consultant will be selected in accordance with the QCBS method.
6. Expression of Interest should contain following information:
   (i) A covering letter addressed to the representative of the client on the official letter head of firm/company duly signed by authorized signatory.
   (ii) Applicants shall provide the following information in the respective formats given in the EOI document:
   - *EOI Form: Letter of Application (Form 1)*
   - *EOI Form: Applicant's Information (Form 2)*
   - *EOI Form: Work Experience Details (Form 3(A), 3(B) & 3(C))*
   - *EOI Form: Capacity Details (Form 4)*
   - *EOI Form: Key Experts List & Qualification of Key Experts (form 5).*
7. Applicants may submit additional information with their application but shortlisting will be based on the evaluation of information requested and included in the formats provided in the EOI document.
8. Applicants shall submit their EOI application through e-GP system by using the forms and instructions provided by the system.
9. The completed EOI document must be submitted on or before the date and address mentioned in the **"*Request for Expression of Interest EOI notice*".** In case the submission falls on public holiday the submission can be made on the next working day. Any EOI Document received after the closing time for submission of proposals shall not be considered for evaluation.

## C. **Terms of Reference (TOR)**

सुदूरपश्चिम प्रदेश बहुसूचक सर्वेक्षण-२०७६

)Sudur-Pashchim Province Baseline Multi-indicator Survey-2076 )

**कार्य क्षेत्रगत शर्तहरु (Terms of Reference -TOR)**

### १. पृष्ठभूमी

हाम्रो मुलुकमा संघीय शासन प्रणाली संवैधानिक रुपमा संस्थागत भएसंगै पहिलो पटक अस्तित्वमा आएका प्रदेशहरु विकास र संस्थागत सुदृढीकरणको प्रारम्भिक चरणमै रहेका छन। संविधान बमोजिम प्रादेशिक शासन प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन अभ्यास गर्नु, नागरिकहरुका चाहना अनुरुप विकास गर्न, सुशासन र समृद्धिको आकांक्षालाई तत्कालीन र दीर्घकालीन उपायद्वारा सम्बोधन गर्नु आजको टड्कारो आवश्यकता रहेको छ। उपलब्धिमूलक परिणाम हासिल गर्ने गरी दिगो आर्थिक विकास गर्न तथ्यमा आधारित प्रभावकारी नीति, योजना, कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ। प्रदेशले निर्धारण गर्ने लक्ष्य तथा हासिल गर्ने उपलब्धिहरुको बहुआयामिक विश्लेषण गर्नका लागि प्रदेशको हालको आर्थिक सामाजिक र अन्य विभिन्न क्षेत्रलाई यथार्थपरक ढंगले प्रतिबिम्बित गर्ने तथ्य, तथ्याङ्क र सूचकहरुको आवश्यकता देखिएको छ ।

प्रादेशिक तहमा खण्डीकृत तथ्याङ्कहरुको कमी रहनुको साथै उपलब्ध कतिपय तथ्याङ्कहरु धेरै पुराना भई हालको अवस्थालाई मापन गर्न सक्ने अवस्थामा रहेको देखिदैन । सुदूरपश्चिम प्रदेश सरकारले विकास, सुशासन र समृद्धिको लागि तर्जुमा गर्ने प्रथम पञ्चवर्षीय आवधिक योजना निर्माणको पृष्ठभूमीमा उल्लेखित तथ्य, तथ्याङ्क र सूचकहरुको प्राप्तिको लागि बहुसूचक सर्वेक्षण (Baseline Multi-Indicator Survey) गर्ने भनी आर्थिक वर्ष २०७५/०७६ मा राखेको कार्यक्रमलाई यथाशिघ्र सम्पन्न गर्ने गरी चालु आर्थिक वर्षको बजेटमा पनि उक्त कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ ।

चालु आर्थिक बर्षमा तर्जुमा गरिने प्रथम पञ्चवर्षीय योजनाको लागि यस बहुसूचक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले महत्वपूर्ण आधार प्रदान गर्नुका साथै प्रदेशमा तथ्याङ्क प्रणालीको विकास तथा सुदृढीकरणमा कोशेढुंगा साबित हुनेछ भन्ने विश्वास गरिएको छ ।

प्रदेशका सबै जिल्लामा पालिका, जिल्ला र प्रादेशिक तहलाई प्रतिनिधित्व गर्न सक्ने गरी मार्गचित्र तय गरिने यस सर्वेक्षणमा तथ्याङ्क सङ्कलन, तालिकीकरण, प्रशोधन, विश्लेषण र प्रतिवेदन तयारीको काम गर्न आवश्यक पर्ने जनशक्ति, प्राविधिक दक्षता र संस्थागत संरचना समेत प्रदेश सरकारसँग पर्याप्त नभएको कारणले सर्वेक्षणको उक्त कार्य परामर्शदाता मार्फत सम्पन्न गराई प्रतिवेदन प्राप्त गर्ने उद्देश्यले यो कार्यशर्त(Terms of Reference) तयार गरिएको छ।

### २. उद्देश्य

प्रदेशको विद्यमान आर्थिक, सामाजिक लगायतका तथ्याङ्कहरु प्रभाकारी र विश्वसनीय ढंगले प्राप्त गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य रहेको छ। यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम छन:-

क) प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक, जनसांख्यिक, भौतिक पूर्वाधार विकास, सामुदायिक विकास समेतका विषय क्षेत्रका बिभिन्न तथ्याङ्कहरु सङ्कलन, तालिकीकरण, प्रशोधन र विश्लेषण गर्ने,

ख) सङ्कलित तथ्याङ्कहरु आवश्यकता अनुसार बिभिन्न क्षेत्र,उपक्षेत्रहरुमा वर्गीकरण तथा खण्डीकृत गर्ने,

ग) गाउँपालिका तथा नगरपालिकास्तर सम्मका आर्थिक सामाजिक तथ्याङ्कहरु प्राप्त गर्ने,

घ) सङ्कलित तथ्याङ्कको प्रशोधन एवम् विश्लेषण गरी प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक, जनसांख्यिक विषयसँग सम्बन्धित एवम् दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals) मा समावेश भएका विभिन्न १७ वटा लक्ष्य अन्तरगतका विभिन्न सूचक तथा परिसूचकहरु तयार गर्ने,

ङ) सङ्कलित तथ्याङ्क प्रशोधन तथा विश्लेषण गरी प्रदेशको बहुसूचक सर्वेक्षण प्रतिवेदन तयार गर्ने ।

## ३. कार्यक्षेत्र

यस सर्वेक्षणको कार्यक्षेत्र सुदूरपश्चिम प्रदेशभर हुनेछ । परामर्शदाताले यस प्रदेशका ९ वटै जिल्लाका पालिकाहरुका निर्दिष्ट गरिएका वडामा पुगी पारिवारिक प्रश्नावली र सामुदायिक प्रश्नावली प्रयोग गरी Computer Assisted Personal Interviewing (CAPI) को माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गर्नुपर्नेछ। प्रश्नावलीमा नसमेटिएका विषयवस्तुहरु आधिकारिक निकायले सङ्कलन तथा प्रकाशन गरेका विवरणहरु द्वितीय स्रोतबाट लिनु पर्नेछ।

## ४. सर्वेक्षणका मुख्य-मुख्य विषयवस्तु

सर्वेक्षणका विषयवस्तुहरु मुलभूत रुपमा देहाय बमोजिम हुनेछन:-

**(क) पारिवारिक प्रश्नावलीमा समावेश हुने विषयहरु**

१. जनसांख्यिक तथ्याङ्कहरु (घरपरिवारको सदस्य संख्या,वैवाहिक स्थिति, लिङ्ग, उमेर, जातजाती, भाषा,धर्म आदि)

२. शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु (साक्षरता,विद्यालय भर्ना,विद्यालय छोड्ने र सोको कारण, शैक्षिक योग्यता, शैक्षिक संस्थाका प्रकार, विषय क्षेत्र,प्राविधिक तथा व्यवसायिक तालिम, पढाई खर्च, छात्रवृत्तिको प्रकार, अनौपचारिक शिक्षा आदि)

३. घरपरिवारमा उपलब्ध सुविधा (Household Facilities Related)सम्बन्धी तथ्याङ्कहरु (घरको स्वामित्व, घरको बनावट, घरको उपभोग, खानेपानीको स्रोत तथा लागत, ढल निकास, फोहरमैला व्यवस्थापन, चर्पीको प्रयोग, बत्तीको प्रयोग र प्रकार, विजुलीको महशुलमा हुने खर्च, खाना पकाउने ऊर्जाको स्रोत, स्वामित्वमा रहेको सवारी साधनको प्रकार, रेडियो, टेलिभिजन, फ्रिज, ल्याण्डलाइनफोन/मोवाइल/इन्टरनेट सुविधा आदि)



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

४. सामाजिक सुरक्षासँग सम्बन्धित तथ्याङ्कहरु (सामाजिक सुरक्षाको लागि विभिन्न निकायबाट प्राप्त गरेका विभिन्न प्रकारका भत्ताहरु, रकम/ अवधि/ माध्यम/ निकाय/भुक्तानीको माध्यम, स्वास्थ्य बीमा आदि)

५. प्रजनन तथा मातृ स्वास्थ्यसँग सम्बन्धित तथ्याङ्कहरु (सुरक्षित प्रसुति सेवा,बच्चाको जन्म जीवित भए नभएको, किशोरी प्रजननको अवस्था आदि)

६. मृत्यु सम्बन्धी तथ्याङ्कहरु (पछिल्लो १२ महिनामा मृत्युको कारण/संख्या/ उमेर/लिङ्ग, प्रजनन उमेरमा मृत्यु भएका महिलाको मृत्यु हुँदाको अवस्था आदि)

७. उपभोग सम्बन्धी तथ्याङ्कहरु

   क. परिवारको पछिल्लो ७ दिनको खाद्य उपभोग (खाद्यान्न, दाल, गेडागुडी, माछामासु, अण्डा, तेल, दुग्ध पदार्थ, घ्यु, चिनी,मह, फलफूल, तरकारी, सागपात, चिया-कफी, हलुका पेय पदार्थ, मदिराजन्य पेय पदार्थ, सुर्तिजन्य पदार्थ, घर बाहिर उपभोग गरिने खाद्य पदार्थ, उपभोगको परिमाण, मूल्य र प्राप्तिको स्रोत)

   ख. परिवारको पछिल्लो १२ महिनाको गैरखाद्य उपभोग (कपडा र तयारी लुगा, जुत्ता-चप्पल, घरको रंगरोगन र साधारण मर्मत, इन्धन, फर्निचर तथा फर्निसिङ, घरायसी रुपमा प्रयोग हुने टेक्सटायल, घरायसी उपकरणहरु, भान्साका सामान, चर्पीको सामान र करेसावारीमा प्रयोग हुने सामानहरु, घरको नियमित सरसफाईमा प्रयोग हुने सामानहरु, यातायातका साधनहरु संचालन र मर्मतखर्च, सार्वजनिक यातायातका साधनको भाडा खर्च,संचार खर्च, अडियो, भिडियो, फाटोग्राफी, सूचना प्रशोधन उपकरणहरु, संगीत र मनोरञ्जन सम्बन्धी खर्च, शौख तथा खेलकुद सम्बन्धी अन्य खर्च, मनोरञ्जनात्मक तथा सांस्कृतिक सेवा सम्बन्धी खर्च, पुस्तक, पत्रपत्रिका तथा स्टेशनरी सम्बन्धी खर्च, आन्तरिक प्याकेज बिदा खर्च, शिक्षा सम्बन्धी खर्च, होटल बास तथा होस्टल खर्च, व्यक्तिगत शृङ्गारका सामानको खर्च, सामाजिक सुरक्षा सम्वन्धी खर्च बीमा खर्च, बैंकिङ्ग सेवा सम्बन्धी खर्च, प्रशासनिक तथा कानूनी शुल्क सम्बन्धी खर्च, विदेश भ्रमणका क्रममा गरेको खर्च जस्ता गैर खाद्यवस्तु तथा सेवामा भएको खर्चमध्ये पछिल्लो ३० दिन र १२ महिनाको रकम यस अन्तरगत सङ्कलन गरिन्छ। त्यस्ता वस्तु तथा सेवा मध्ये आफैले उत्पादन र उपभोग गरेको विवरण, घरपरिवारमा रहेको बजारबाट खरिद गर्ने विभिन्न प्रकारका सामानहरु, आफैले उत्पादन र उपभोग गरेका विभिन्न प्रकारका सामानहरुको समेत तथ्याङ्क सङ्कलन गरिन्छ ।

८. आधारभूत दर्तासँग सम्बन्धित तथ्याङ्कहरु (Vital Registration related)
   (जन्म, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र मृत्युदर्ता सम्बन्धी विवरणहरु)



प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल
२०७४

९. अनुपस्थित व्यक्ति सम्बन्धी विवरणः परिवारमा अनुपस्थित व्यक्तिको संख्या, अनुपस्थित व्यक्ति विदेश गएकोमा सोको विवरण (लिङ्ग, उमेर, शैक्षिक योग्यता, वैवाहिक स्थिति, गएको अवधि, गएको देश, विदेश जानुको कारण, वैदेशिक रोजगारीमा गएकाको हकमा जाँदा लागेको खर्च, गएको माध्यम, गर्ने गरेको कामको प्रकृति, मासिक आय, पछिल्लो १२ महिनामा पठाएको नगद वा जिन्सी, प्राप्त आयबाट भएको खर्चको मुख्य क्षेत्र )

१०. स्वास्थ्यसँग सम्बन्धित तथ्याङ्कहरु

क. अपाङ्गता सम्बन्धी तथ्याङ्क (शारीरिक, दृष्टि, श्रवण, बोलाइ, मानसिक, बौद्धिक अपाङ्गता आदि )

ख. नसर्ने रोग सम्बन्धी तथ्याङ्क( मुटु, कलेजो,दम, छारे रोग, मधुमेह, मृगौला, बाथ,उच्च/न्यून रक्तचाप, सिकलसेल एनिमिया, थाल्सेमिया ग्यास्ट्रिक, हाडजोर्नी, मोतिविन्दु, मानसिक, क्यान्सर,हेमोफेलिया,नसा, स्त्री रोग र अन्यरोग, रोग लागेको अवधि, रोगको जाँच र उपचारमा लागेको खर्च, खर्चको स्रोत, प्राप्त गरेको निःशुल्क औषधी, औषधी उपलब्ध गराउने निकाय, काममा परेको बाधा, हालको स्वास्थ्य स्थिति)

ग. सर्ने रोग र स्वास्थ्य सम्बन्धी अन्य समस्याको तथ्याङ्क (पछिल्लो ३० दिनमा झाडापखाला, क्षयरोग, एच.आई.भी एड्स, डेङ्गु, आँउ, औलो, कुष्ठरोग, रुघाखोकी, स्वाशप्रश्वासमा कठिनाइ, ज्वरो, हैजा,दादुरा, कमलपित्त, जुका, जस्ता सर्ने रोग तथा पोलेको, चोटपटक लागेको,दाँतको रोगआदि)

घ. पछिल्लो ३० दिनमा विरामी भई स्वास्थ्य जाँच गराए/नगराएको, जाँच गराएको निकाय आदिको तथ्याङ्क

११. कृषि क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरु (खेतीयोग्य जमिन, सिंचाइको उपलब्धता, जमिन र सोको उपयोगको अवस्था, पशुपंक्षीको संख्या, कृषिमा प्राप्त अनुदान, रासायनिक मल प्रयोग गरे/नगरेको आदि)

१२.रोजगारी तथा स्वरोजगारीसँग सम्बन्धित तथ्याङ्कहरु

रोजगारी तथा स्वरोजगारी सम्बन्धी तथ्याङ्क(पछिल्लो ७ दिनमा कम्तीमा १ घण्टाको लागि तलब ज्याला प्राप्त गर्ने गरी कुनै काम गरे नगरेको, आयआर्जन गर्ने गरी कुनै व्यावसाय गरे नगरेको, तलब ज्याला नलिई पारीवारिक व्यावसायमा सहयोग गरे नगरेको, रोजगार वा स्वरोजगारमा हप्तामा कति घण्टा काम गरेको व्यावसायमा फर्किने गरी कामबाट अनुपस्थित भए नभएको, अनुपस्थित भएमा काममा फर्कने अवधि, काममा अनुपस्थित हुँदा तलब सुविधा पाए नपाएको, गरेको कामको मुख्य जिम्मेवारी, कामबाट सामाजिक सुरक्षा पाए नपाएको, तलबी बिदाबाट पैसा पाए नपाएको, बीमारी वा दुर्घटना हुँदा विदा वा विदा वापतको पैसा पाए नपाएको, कामबाट उत्पादन गरेको वस्तु वा सेवाको प्रकार, काम गर्ने निकायको



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

प्रकृति, प्रकार, सरकारी निकायमा दर्ता भए नभएको, मुख्य कामबाट नगद आम्दानी प्राप्त गरे नगरेको, पारिश्रमिक बुझ्ने अवधि, रकम जिन्सी आम्दानी प्राप्त गरे नगरेको, गरेको भए सोको मूल्य, पछिल्लो ३० दिनमा तलब ज्याला पाउने काम वा व्यावसायको खोजी गरे नगरेको निकट भविष्यमा शुरु गर्ने गरी काम पाएको वा व्यावसाय संचालन गर्ने तयारी गरे नगरेको, पछिल्लो ३० दिनमा काम पाउन वा व्यावसाय शुरु गर्न गरेको प्रयत्न आदि )

१३. आय सम्बन्धी तथ्याङ्क (तलब तथा ज्याला, व्यापार, उद्योग, कृषि उपजबिक्रीबाट आम्दानी,आफैले उत्पादन गरी उपभोग गरेको कृषि उपजको मूल्य, सामाजिक सुरक्षा, पेन्सन, वैदेशिक रोजगार, घरजग्गा भाडा, चन्दा तथा उपहार, व्याज र अन्य स्रोतबाट प्राप्त आय)

१४. सार्वजनिक सेवामा पहुँच सम्बन्धी

आधारभूत सेवाहरुमा पहुँच सम्बन्धी तथ्याङ्क (बालविकास केन्द्र, आधारभूत विद्यालय, माध्यमिक विद्यालय, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, सरकारी अस्पताल, क्लिनिक तथा प्राइभेट अस्पताल, बस बिसौनी, पक्की सडक, कच्ची सडक, गाडी चल्ने मूल बाटो, गोरेटो, स्थानीय पसल/दोकान, हाट बजार, मूल बजार, कृषि तथा पशु केन्द्र, सहकारी संस्था, बैंक तथा वित्तीय संस्था, खानेपानीको स्रोत- बर्षा/ सुख्खा याममा, हुलाक, प्रहरी चौकी, वडा कार्यालय, सामुदायिक पुस्तकालय, सामुदायिक भवनको उपलब्धता पहुँचको लागि लाग्ने समय, पहुँचको लागि प्रयोग गरिने सावारी साधन/पैदल, लाग्ने समय, दुरी, पछिल्लो १२ महिनामा त्यस्तो सुविधाको उपभोग र उपभोग संख्या )

१५. वित्तीय पहुँच सम्बन्धित तथ्याङ्कहरु (बैंक, वित्तीय संस्था/सहकारीमा खाता रहे नरहेको, बीमा गरे नगरेको र गरेको भए सोको प्रकार, शेयर लगानी गरे नगरेको, वित्तीय/सहकारी संस्था वाहेक अन्यत्रबाट ऋण/सापटी लेनदेन गरे नगरेको,वित्तीय संस्थाले प्रदान गर्ने सुविधाको वारेमा जानकारी भए नभएको)

**(ख) सामुदायिक प्रश्नावली**

१. जलवायु परिवर्तनबाट वातावरणमा परेको प्रभाव सम्बन्धी तथ्याङ्क (कम्तीमा ५ जना जानिफकारबाट लिने)

पछिल्लो १० बर्षमा भएको गर्मी, ठण्डी, बर्षाको प्रकृति, पानीका स्रोत, त्यो भन्दा पहिलेको तुलनामा फरक भए वा नभएको, फरक भएको भए के फरक भएको, त्यस्तो फरकले बालीनाली, बोटविरुवा, वनस्पति,पानीका स्रोत, सिमसार,बीउविजन,जलचर, जंगली जनावर, चराचुरुङ्गीको जिवनमा कुनै असर परे नपरेको, असर परेको भए कस्तो असर परेको, आदि )

२. प्राकृतिक प्रकोप र प्रकोप व्यवस्थापन सम्बन्धी तथ्याङ्क (कम्तीमा ५ जना जानिफकारबाट लिने)

पछिल्लो १० वर्षमा देखे भोगेका प्रकोप सम्बन्धी तथ्याङ्क (भूकम्प, भीषण बाढी, पहिरो, भू-



प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

क्षय, आगलागी, चटयाङ्ग, हावाहुरीका घटना भएका छन् वा छैनन्, छन् भने त्यस्तो कारणले ठूलो धनजनको क्षति भएको छ वा छैन, त्यस्ता घटनाबाट हुने क्षति कम गर्न समुदायले के कस्ता उपायहरु अपनाउने गरेका छन्, प्रकोपका घटना हुँदा मानिसको जीवन रक्षा गर्न आवश्यक पर्ने आश्रयस्थल, आपतकालीन औषधोपचार, स्वास्थ्य संस्थासम्म छिटो पुग्ने व्यवस्था, खानपिनको व्यवस्थाको लागि समुदाय, स्थानीय सरकार र अन्य निकायले के कस्तो तयारी गरेका छन्, राहत तथा उद्दारको लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु, सहयोग माग गर्ने माध्यम/तरिका सम्बन्धी जानकारी के कस्तो छ आदि)

**(ग) द्वितीयक स्रोतबाट प्राप्त हुने विषयवस्तुहरु (पारिवारिक र सामुदायिक प्रश्नावलीमा नसमेटिएका विषयहरु**)

१. द्वन्द्वपीडित परिवार सम्बन्धी (संख्या, पीडाको प्रकार, राहतको व्यवस्था)

२. भौतिक पूर्वाधारको पहुँच सम्बन्धी (सडक, पुलपुलेसा, विद्युत, खानेपानी, संचार, ढल निकास)

३. सामुदायिक संघसंस्था सम्बन्धी (दर्ता भएका सामुदायिक तथा गैरसरकारी संघसंस्थाहरुको संख्या कार्य प्रकृति, आम्दानीको प्रमुख स्रोतहरु, प्रकाशनहरुआदि)

४. प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक, जनसांख्यिक विषयसँग सम्बन्धित एवम् दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals) मा समावेश भएका विभिन्न १७ वटा लक्ष्य अन्तरगतका विभिन्न सूचक तथा परिसूचकहरु तयार गर्नको लागि पारिवारिक र सामुदायिक प्रश्नावलीबाट उपलब्ध हुन नसकेका तथ्याङ्कहरु (संघ प्रदेश र स्थानीय तहका विभिन्न सरकारी निकायबाट उपलब्ध हुन सक्ने त्यस्ता तथ्याङ्कहरुका विषयमा मन्त्रालयले दिने निर्देशन बमोजिम तथ्याङ्क संकलन गर्नु पर्ने)

## ५. सर्वेक्षणको विधि (Methodology of Survey)

यो सर्वेक्षण Sample Size, Domains of Analysis र Volume of Questionnaire समेतको हिसाबले बृहत प्रकारको अध्ययन हो। घरपरिवारको छनौट गर्दा सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई राम्रोसँग प्रतिनिधित्व गर्न सक्ने गरी Multistage Sampling Design बाट नमुना छनौटगरी छानिएका घरपरिवारमा गई Computer Assisted Personal Interviewing (CAPI) को माध्यमबाट तथ्याङ्क सङ्कलनगर्नु पर्नेछ। त्यसैगरी यस सर्वेक्षणको:

क) Domain पालिकास्तरमा हुनेछ,

ख) Sample Frame तयार गर्दा प्रत्येक पालिकास्तरको गणना क्षेत्र (Enumeration Aare)/वार्ड (Ward) हरुको अद्यावधिक (Updated) घरपरिवार संख्या भएको हुनुपर्नेछ,

ग) घरपरिवार वा जनसंख्या अद्यावधिक नभएका पालिकाहरूको हकमा Population Projection, Ratio Estimate वा अन्य प्रामाणिक विधि (standard methodology) अपनाई घरपरिवार संख्या अद्यावधिक गर्नुपर्नेछ ।



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

घ) नमुना घरपरिवारको संख्या (Sample size) न्यूनतम २२ हजार हुनुपर्ने,

ङ) यस सर्वेक्षणमा नमुना छनौट विधि दुई(२) चरणमा हुनेछ:

१. पहिलो चरणमा Probability Proportional to Size(PPS) नमुना छनौट विधिद्वारा गणना क्षेत्र (Enumeration Area)/वार्ड (ward) उपयुक्त संख्यामा छान्नु पर्नेछ,

२. छानिएका प्रत्येक गणना क्षेत्र/वार्डहरुका सीमाना खुलेका भौगोलिक नक्सा तयार पारी सम्पूर्ण घरपरिवारको लगत सूची तयार गर्नु पर्नेछ,

३. दोस्रो चरणमा लगतसूचीमा भएका घरपरिवारहरु मध्ये उचित संख्या (प्रत्येक गणना क्षेत्रमा १५ घरपरिवार नबढ्ने गरी) मा Systematic Sampling method बाट घरपरिवारहरु छान्ने र प्रश्नावली (Questionnaire) भर्ने कार्य गर्नु पर्नेछ,

४. Results का Major Variable हरुको Standard Error (SE) and Coefficient of Variance(CV) आदि Estimate गर्नु पर्नेछ,

५. सर्वेक्षण विधिको सम्बन्धमा माथि उल्लेखित विषयसँग नबाझिने गरी मन्त्रालयले थप निर्देशन दिन सक्नेछ ।

च) तथ्याङ्क सङ्कलन Computer Assisted Personal Interviewing (CAPI) को माध्यमबाट Tablet, laptop वा अन्य उपयुक्त उपकरणमा गर्नु पर्नेछ,

छ) छानिएका घरपरिवारको GPS coordinate समेत सङ्कलन गर्नु पर्नेछ,

ज) CAPI मा प्रश्नावली भर्ने Software design गर्दा Error Message, Consistency Check, SkippingPattern आदि भएको CSPro (Census and Survey Processing) System को Android Version Software मा निर्माण गर्नुपर्ने छ,

झ) Data editing, Cleaning, Tabulation and Data Analysis STATA, IBM SPSS वा अन्य उपयुक्त Statistical Software Package बाट गर्नु पर्नेछ ।

## ६. मन्त्रालयले उपलब्ध गराउने भौतिक सुविधा

परामर्शदातालाई मन्त्रालयले कुनै पनि किसिमको भौतिक सुविधाहरु उपलब्ध गराउने छैन। जनशक्ति पनि सहयोगको रुपमा उपलब्ध गराउने छैन। मन्त्रालयले आवश्यक देखेको विषयमा संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुमा आवश्यक समन्वय तथा सहयोगको लागि पत्राचार गर्न सक्नेछ ।

## ७. परामर्शदाताको कार्य संरचना तथा जनशक्ति

क) अपेक्षित जनशक्ति

| विज्ञ तथा कर्मचारीको विवरण, संख्या र कार्यावधि | न्यूनतम योग्यता तथा अनुभव | काम गर्नुपर्ने स्थान | प्रमुख जिम्मेवारीहरु | कैफियत |
|---|---|---|---|---|
| टिम लिडर (संयोजक): १ जना (कार्यक्रम अवधिभर) | **<u>योग्यता</u>**<br>मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन/ बाणिज्यशास्त्र/ विज्ञान/ अर्थशास्त्र/ समाजशास्त्र/ विकास अध्ययन/तथ्याङ्कशास्त्र विषयमा कम्तीमा स्नातोकोत्तर उपाधि प्राप्त गरेको (सम्बन्धित विषयमा विद्यावारिधि गरेकोलाई प्राथमिकता दिईने)<br>**<u>अनुभव</u>**<br>राष्ट्रिय वा क्षेत्रगत आवधिक योजना तर्जुमा, जनगणना, कृषि गणना, आर्थिक गणना जस्ता वृहत्तर आर्थिक तथा सामाजिक गणना वा सर्वेक्षण कार्यमा पेशाविद वा नीतिगत तहमा प्रत्यक्ष रुपमा संलग्न रही वा सो सम्बन्धी कार्यमा विज्ञ परामर्शदाताको रुपमा काम गर्न | सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली | क) टिम लिडरले कार्यशर्तमा तोकिए बमोजिम सर्वेक्षण कार्यमा खटिने सम्पूर्ण विषय विज्ञको कामको संयोजन तथा व्यवस्थापन गरी सर्वेक्षण कार्यको सम्पूर्ण नेतृत्व लिनु पर्ने,<br>ख) सर्वेक्षणको क्रममा मन्त्रालयको नीतिगत तह र सम्बन्धित कर्मचारीहरुसँग समन्वय गर्ने जिम्मेवारी निर्वाह गर्ने,<br>ग) सर्वेक्षणसँग सम्बन्धित स्थलगत कार्य र अफिस कार्यको कार्यतालिका सहितको विस्तृत कार्ययोजना तयार गर्ने,<br>घ) कार्यशर्त बमोजिम तालिम तथा बैठक आयोजना गर्ने,<br>ङ) कार्यशर्त बमोजिम नतिजा आउने गरी सर्वेक्षण कार्यलाई अगाडि बढाउने, कामको गुणस्तर कायम गर्ने,<br>च) कार्यालय व्यस्थापन तथा भौतिक स्रोतसाधन व्यवस्थापनको सम्पूर्ण कार्यहरु गर्ने,<br>छ) कार्यशर्त बमोजिम तयार गर्नुपर्ने प्रतिवेदनहरु कार्यशर्तमै तोकिएको समयमा तयार गरी पेश गर्ने । | सर्वेक्षण अवधिभर पूर्णकालीन रुपमा काम गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | कम्तीमा १० बर्षको कार्य अनुभव भएको। सम्बन्धित क्षेत्रमा विद्यावारिधी गरेकाको हकमा उपर्युक्त बमोजिमको क्षेत्रमा ७ वर्षको कार्य अनुभव भएको | | | |
| तथ्याङ्कशास्त्री: १ जना (कार्यक्रम अवधिभर) | **योग्यता**<br>मान्यताप्राप्त विश्वविद्यालयबाट तथ्याङ्कशास्त्र वा गणित विषयमा कम्तीमा स्नातोकोत्तर उपाधि प्राप्त गरेको (सम्बन्धित विषयमा विद्यावारिधी गरेकोलाई प्राथमिकता दिइने)<br>**अनुभव**<br>राष्ट्रिय वा क्षेत्रगत आवधिक योजना तर्जुमा, जनगणना, कृषि गणना, आर्थिक गणना जस्ता वृहत्तर सर्वेक्षणको क्रममा तथ्याङ्क संग्रह, तालिकीकरण, प्रशोधन र विश्लेषणको काममा तथ्याङ्कशास्त्री वा सो सम्बन्धी पेशाविद्को रूपमा कम्तीमा ७ बर्षको कार्य अनुभव भएको | सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली | क) प्रमुख जनशक्तिहरुसँग निकट रही तथ्याङ्क सङ्कलन गराउने, तलिकीकरण र प्रशोधन गर्ने कामको प्राविधिक पक्षमा मुख्य जिम्मेवारी लिई टिम लिडरलाई सहयोग गर्ने र निजको निर्देशन अनुसार कार्य गर्ने,<br>ख) फिल्डमा खटिएका सुपरभाइजरहरुसँग समन्वय गरी सर्वेक्षणका तथ्याङ्क तथा सूचनाहरु नियमित रुपमा प्राप्त गर्ने र प्रशोधनको लागि उपलब्ध गराउने<br>ग) सङ्कलनबाट प्राप्त गरिएका सर्वेक्षणका तथ्याङ्कहरुलाई तथ्याङ्कशास्त्रीय विधि अनुरुप व्यवस्थित गर्ने<br>घ) टिम लिडरलाई यथासमयमा तथ्याङ्क तथा सूचनाहरु उपलब्ध गराई प्रतिवेदन लेखन कार्यमा आवश्यक सहयोग गर्ने | सर्वेक्षण अवधिभर पूर्णकालीन रुपमा काम गर्नुपर्ने । |
| तथ्याङ्क विश्लेषक (आर्थिक विकास तथा गरिवी): १ जना | **योग्यता**<br>मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र/ तथ्याङ्कशास्त्र/ विकास अध्ययन विषयमा | सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली | क) सर्वेक्षणसँग सम्बन्धित आर्थिक विकास एवं गरिवीका सूचकसँग सम्बन्धित प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरुको बर्गीकरण, प्रशोधन र विश्लेषण गरी सो सम्बन्धी सूचक तयार गर्ने | ३ महिना पूर्णकालीन रुपमा |



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

| | | | | |
|---|---|---|---|---|
| ३ महिना | कम्तीमा स्नातोकोत्तर उपाधि प्राप्त गरेको (सम्बन्धित विषयमा विद्यावारिधी गरेकोलाई प्राथमिकता दिइने)<br><br>**अनुभव**<br>राष्ट्रिय वा प्रादेशिक स्तरको आवधिक वा क्षेत्रगत योजना तर्जुमा, आर्थिक विकास र गरिवी न्यूनीकरणसँग सम्बन्धित राष्ट्रिय नीति, कार्यक्रम तथा कानून तर्जुमा वा तथ्याङ्क प्रशोधन तथा विश्लेषण वा विश्लेषणत्मक अध्ययनको काममा पेशाविद् वा नीतिगत तहमा प्रत्यक्ष रुपमा संलग्न रहेको वा सो सम्बन्धी कार्यमा विज्ञ परामर्शदाताको रुपमा काम गरी कम्तीमा ७ बर्षको कार्य अनुभव प्राप्त गरेको। | | तथा उक्त विषयको प्रतिवेदनको मस्यौदा गर्ने,<br>ख) सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई सर्वेक्षणको उद्देश्य बमोजिम बर्गीकरण, तलिकीकरण, प्रशोधन, विश्लेषण लगायतका तथ्याङ्क विश्लेषणको कामगर्ने,<br>ग) टिम लिडरको प्रत्यक्ष निर्देशनमा रही प्रतिवेदनहरु तयार गर्न सहयोग गर्ने, | बस्नुपर्ने |
| सामाजिक विकास विज्ञ: १ जना<br>२ महिना | मान्यता प्राप्त विश्वविद्यालयबाटसमाजशास्त्र/ग्रामिण विकास/मानवशास्त्र विषयमाकम्तीमा स्नातोकोत्तर उपाधि प्राप्त<br><br>**अनुभव** | सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली | क) सर्वेक्षणसँग सम्बन्धित सामाजिक विकासका सूचकसँग सम्बन्धित प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरुको बर्गीकरण, प्रशोधन र विश्लेषण गरी तत् विषयको सूचकहरु तयार गर्ने तथा प्रतिवेदनको मस्यौदा गर्ने,<br>ख) प्रमुख जनशक्तिहरुसँग निकटम रही गरिवी र आर्थिक विषयको कार्य गर्ने तथा टिम लिडरलाई सहयोग गर्ने र निर्देशन अनुसार कार्य गर्ने, | २ महिना पूर्णकालीन रुपमा बस्नुपर्ने |



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

<table>
<tr><td></td><td colspan="2">सामाजिक अर्थिक विश्लेषण वा विश्लेषणत्मक अध्ययनको काममा पेशाविद् वा नीतिगत तहमा प्रत्यक्ष रुपमा संलग्न रही वा सो सम्बन्धी कार्यमा विज्ञ परामर्शदाताको रुपमा काम गरी कम्तीमा ५ बर्षको कार्य अनुभव</td><td></td><td>ग) प्रदेशमा विद्यमान प्रमुख आर्थिक क्रियाकलाप, आर्थिक विकासको सम्भावना, आर्थिक विकासको अवरोधहरु र गर्नुपर्ने सुधारहरु सहितको सुझावहरु प्रतिवेदनमा समावेश गर्ने</td><td></td></tr>
<tr><td>डेमोग्राफर: १ जना<br>१ महिना</td><td colspan="2">मान्यता प्राप्त विश्वविद्यालयबाट डेमोग्राफी/जनसंख्याशास्त्र/तथ्याङ्कशास्त्र विषयमा कम्तीमा स्नातोकोत्तर उपाधि प्राप्त ।<br><u>अनुभव</u><br>जनसांख्यिक विश्लेषण वा विश्लेषणत्मकअध्ययनको काममा पेशाविद् वा सोसम्बन्धी कार्यमा विज्ञ परामर्शदाताको रुपमा काम गरी कम्तीमा ५ बर्षको कार्य अनुभव</td><td>सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली</td><td>क) सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई सर्वेक्षणको उद्देश्य बमोजिम जनसांख्यिक विश्लेषण गरी तत् सम्बन्धी सूचकहरु तयार गर्ने,<br>ख) टिम लिडरको प्रत्यक्ष निर्देशनमा रही प्रतिवेदनहरु तयार गर्न सहयोग गर्ने,</td><td>३० कार्य दिन</td></tr>
<tr><td>कम्प्युटर इन्जीनियर: १ जना</td><td>कार्यक्रम अवधिभर</td><td><u>योग्यता</u><br>मान्यता प्राप्त विश्वविद्यालयबाटComputer Engineering मा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको<br><u>अनुभव</u></td><td>सुदूरपश्चिम प्रदेश भित्र तोकिएको स्थान</td><td>क) Manually तयार भएको सर्वेक्षण प्रश्नावलीको आधारमा तथ्याङ्क सङ्कलन गर्ने प्रोगाम विकास गर्ने ।<br>ख) तथ्याङ्क सङ्कलन गर्दा तथ्याङ्कहरुको बीचमा Consistancy Flow र Error Message Display हुने सफ्टवेयर तयार गर्ने ।<br>ग) घरपरिवार सूचीकरणको तथ्याङ्क सङ्कलन गर्ने सफ्टवेयर विकास गर्ने ।</td><td>पूर्णकालीन रुपमा बस्नुपर्ने</td></tr>
</table>



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

| | | | | | |
|---|---|---|---|---|---|
| | | कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा ५ वर्षको कार्य अनुभव हासिल गरेको । | | घ) टिम लिडरको प्रत्यक्ष निर्देशनमा रही सफ्टवेयर Development सम्बन्धी अन्य कार्य गर्ने । | |
| कम्प्युटर सिष्टम एनालिष्ट: १ जना | कार्यक्रम अवधिभर | <u>योग्यता</u><br>मान्यता प्राप्त विश्वविद्यालयबाटComputer Engineering मा स्नातक तह वा CSIT उत्तीर्ण वा सो सरह।<br><u>अनुभव</u><br>कम्प्युटर सिष्टम एनालाइसिस् तथा कम्प्युटर सर्भर व्यवस्थापन सम्बन्धी कम्तीमा ३ वर्ष कार्य अनुभव | सुदूरपश्चिम प्रदेश भित्र तोकिएको स्थान | क) सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई सर्वेक्षणको उद्देश्य बमोजिम डाटा Entry Software Programme Development,<br>ख) Field बाट सङ्कलित तथ्याङ्कहरुको सर्वरसँग synchronize गर्ने, तथ्याङ्क Import/Export गर्ने ।<br>ग) प्राप्त तथ्याङ्कहरुको Duplication Consistancy Check गर्ने ।<br>घ) डाटा Collection, Storage and Import/Export सम्बन्धी गणक तथा सुपरीवेक्षकलाई तालिम दिने।<br>ङ) टिम लिडरले तोकेको कम्प्युटर सिष्टम सम्बन्धी अन्य काम गर्ने । | पूर्णकालीन रुपमा बस्नुपर्ने |
| सुपरीवेक्षक (२५ जना) | बढीमा ४ महिना | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह पास गरेको | सुदूरपश्चिम प्रदेश भित्र तोकिएको स्थान | छानिएका गणना क्षेत्रमा स्थलगत तथ्याङ्क सङ्कलन कार्यको सुपरीवेक्षण गर्ने। | |
| गणक: १५० जना | ४ महिना | मान्यता प्राप्त स्कुल तथा कलेजबाट +२ वा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेको | सुदूरपश्चिम प्रदेश भित्र तोकिएको स्थान | छानिएका गणना क्षेत्रमा स्थलगत तथ्याङ्क सङ्कलन गर्ने । | |



प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल २०७४

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनुभव<br>MS Office को ज्ञान भएको | | | |

## ८. कार्यविवरण

सुदूरपश्चिम प्रदेशको बहुसूचक सर्वेक्षण (Baseline Multi-Indicator Survey) गर्दा परामर्शदाताले गर्नुपर्ने मुख्य-मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) यसै कार्यशर्तका अन्य खण्डमा उल्लेखित कुराहरुको अधीनमा रही परामर्शदाताले तथ्याङ्क सङ्कलन, तालिकीकरण प्रशोधन र विश्लेषण सम्बन्धी कार्यहरु गर्दा प्रचलित नेपाल कानूनको पालना र केन्द्रीय तथ्याङ्क विभागले अवलम्बन गरेका अवधारणा, परिभाषा र वर्गीकरणको अनुसरण गरी गर्नु पर्नेछ।

(ख) परामर्शदाताले सर्वेक्षणको सम्पूर्ण कार्य सम्झौता भएको मितिले ७ महिनाभित्र सम्पन्न गरी अन्तिम प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ

